

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, असार१३गते२०४८साल (पूर्वातिरिक्ताङ्क१६(ग)

भाग ३

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सल्लाह समेत लिइबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६७ बमोजिम बनाइबक्सेको "संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०४८" सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०४८

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६७ अनुसार संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा देहायका नियम बमोजिम तोकिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०४८" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली २०४८ साल वैशाख ३० गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस नियमावलीमा–

(क) "सदस्य" भन्नाले मन्त्री वा ससंदका पदाधिकारी बाहेक प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्य सम्झनु पर्छ ।

(ख) "सभामुख" भन्नाले प्रतिनिधि सभाको सभामुख सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले राष्ट्रिय सभाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "उपसभामुख" भन्नाले प्रतिनिधि सभाको उपसभामुख सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय सभाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले सभामुख, उपसभामुख, अध्यक्ष र उपाध्यक्ष सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले प्रतिनिधि सभा वा राष्ट्रिय सभाको कुनै समिति सम्झनु पर्छ र सो शब्दले दुवै सदनको संयुक्त समितिलाई समेत जनाउँछ ।

३. पारिश्रमिक : (१) पदाधिकारी एवं सदस्यहरूले अनुसूची १ मा उल्लेख गरिए बमोजिमको पारिश्रमिक पाउने छन् ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रतिनिधिसभा विघटन भई निजको सदस्यता कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई आफ्नो सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको थप पारिश्रमिक दिइनेछ ।

(३) पदाधिकारी वा सदस्यले उपनियम (२) बमोजिम पाउने पारिश्रमिक वा थप पारिश्रमिक अवस्था अनुसार निजलाई वा निजले इच्छ्याएको व्यक्तिलाई दिइनेछ । पदाधिकारी वा सदस्यको मृत्यु भएमा मृत पदाधिकारी वा सदस्यले कसैलाई इच्छ्याएको रहेनछ वा इच्छ्याएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिकको रकम निजको नजिकको हकवालालाई दिइनेछ ।

(४) योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्यको सदस्यता रिक्त हुन गएमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपनियम (२) बमोजिमको थप पारिश्रमिक दिइने छैन ।

४. पदाधिकारी र सदस्यहरूको निमित्त भत्ता : (१) पदाधिकारी र सदस्यहरूलाई संसदको कुनै सदनको वा कुनै समितिको वा दुवै सदनको संयुक्त बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त अनुसूची १ मा उल्लेख गरिए बमोजिमको भत्ता दिइनेछ ।

आधिकारिकता सम्पादन विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

212

(२) उपनियम (१) बमोजिमको भत्ता देहायको अवधिको लागि पनि दिइनेछः–

(क) सदनको बैठक स्थगित भएको अवधि भर,

(ख) समितिको बैठक केही दिनको लागि स्थगित गरिएमा सो अवधि भर, र

(ग) सम्बन्धित सभाको नियमावलीमा व्यवस्था भए बमोजिम पाउने बिदा स्वीकृत गरिएको अवधि भर।

(३) संसदको कुनै सदन वा कुनै समितिको कुनै बैठकमा भाग लिन आउने पदाधिकारी र सदस्यलाई बैठक प्रारम्भ हुनु भन्दा तीन दिन अघिदेखि बैठक अन्त्य भएको तीन दिन पछिसम्मको लागि उपनियम (१) बमोजिमको दरले थप भत्ता दिइनेछ।

तर सदन वा समितिको बैठकको प्रारम्भमा अनुपस्थित रहेको पदाधिकारी वा सदस्यले उपस्थित भएको दिनको तीन दिन अघिदेखिको मात्र यस उपनियम बमोजिमको भत्ता पाउनेछ।

(४) आफ्नो स्थायी वासस्थानबाट संसदको अधिवेशन वा समितिको बैठकमा भाग लिन आउँदा र भाग लिएर फर्कदा संसदका पदाधिकारी तथा सदस्यलाई नियम ११ को उपनियम (१) को खण्ड (ख) बमोजिम पाउने भ्रमण भत्ताको दोब्बर भ्रमण भत्ता दिइनेछ।

तर काठमाडौं उपत्यकामा स्थायी वासस्थान भएका पदाधिकारी वा सदस्यलाई यस उपनियम बमोजिमको भत्ता दिइने छैन।

(५) संसदको कुनै सदनको दुई अधिवेशनको बीचको अवधिमा सभामुख र अध्यक्ष बाहेक संसदका अन्य पदाधिकारी वा सदस्यलाई आफू निर्वाचित भएको निर्वाचन क्षेत्रको भ्रमण गरी वस्तुस्थितिको अध्ययन गर्न एक आर्थिक वर्षमा एक पटक एक महिनाको पारिश्रमिक बराबरको एकमुष्ट थप रकम दिइनेछ।

तर अध्ययनको प्रतिवेदन सचिवालयमा प्रस्तुत नगरेसम्म त्यस्तो रकम दिइने छैन।

५. भत्ता नपाउने : (१) कुनै सदस्य सदनबाट निलम्बित भएमा निलम्बित अवधिभर र फौजदारी अभियोगमा कानून बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुनामा वा कैदमा रहेको अवधिभरको लागि निजले कुनै किसिमको भत्ता पाउने छैन।

(२) एकै दिन सदन र समितिको बैठक बसेमा एक दिनको भत्ता मात्र दिइनेछ सदन र समितिको बैठक बापत छुट्टाछुट्टै भत्ता दिइने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. पारिश्रमिक र भत्ताको भुक्तानी : पदाधिकारी र सदस्यहरूले यस नियमावली बमोजिम पाउने पारिश्रमिक र अन्य भत्ता संसद सचिवालयबाट पाउने छन् ।

तर कुनै पदाधिकारी वा सदस्यले सचिवालयको हाताबाट पाँच किलोमिटर क्षेत्र भित्रको कुनै बैङ्कमा खाता खोलेको जानकारी दिई आफूले पाउने पारिश्रमिक र भत्ता सो खातामा जम्मा गरिदिन लिखित सूचना दिएमा संसद सचिवालयले सो रकम त्यस्तो खातामा जम्मा गरी दिनेछ ।

७. राहदानी सुविधा : संसदको कार्यको सिलसिलामा वा नेपाल अधिराज्यको प्रतिनिधित्व गरी विदेश भ्रमण गर्न जाँदा पदाधिकारी तथा सदस्यलाई कुटनैतिक राहदानी दिइनेछ ।

८. आवास सुविधा : (१) काठमाडौं उपत्यकामा स्थायी वासस्थान भएका पदाधिकारी र सदस्य बाहेक अन्य पदाधिकारी र सदस्यहरूलाई आवासको निमित सरकारी घरको बन्दोवस्त गरिनेछ । त्यस्तो घरको बन्दोवस्त नभएसम्म अनुसूची १ मा उल्लेख गरिए बमोजिमको मासिक रकम आवास सुविधा बापत दिइनेछ ।

(२) उपनियम (१) बमोजिम बन्दोवस्त भएको आवासको मर्मत र सम्भार श्री ५ को सरकारले गर्नेछ ।

(३) काठमाडौं उपत्यकामा स्थायी वासस्थान भएको पदाधिकारी वा सदस्यलाई निजको घरको मरमत र सम्भारको लागि अनुसूची १ मा उल्लेख गरिए बमोजिमको रकम दिइनेछ ।

(४) पदाधिकारी वा सदस्यले यस नियम बमोजिम पाउने सुविधा निजको पदावधि समाप्त भएको मितिले थप पन्ध्र दिनसम्मको लागि लिन पाउनेछ ।

९. मोटर तथा इन्धन सुविधा : (१) प्रत्येक पदाधिकारीलाई मोटर एक र अनुसूची १ मा उल्लेख गरिए बमोजिमको इन्धन उपलब्ध गराइनेछ ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइएको इन्धनको बील भौचर बुझाउनु पर्ने छैन ।

(३) पदाधिकारीले यस नियम बमोजिम पाउने मोटर सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म प्रयोग गर्न सक्नेछ ।

(४) यस नियम बमोजिम उपलब्ध गराइएको मोटरको मरमत र सम्भार श्री ५ को सरकारको तर्फबाट गरिनेछ ।

१० बिजुली, धारा र टेलिफोन सुविधा: (१) सभामुख र अध्यक्षको आवासमा जडान गरिएको बिजुली, धारा र टेलिफोनको बील बमोजिमको सबै महशूल श्री ५ को सरकारले व्यहोर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

(२) सभामुख र अध्यक्ष बाहेक अन्य पदाधिकारी वा सदस्यलाई सरकारी घर बन्दोबस्त भएकोमा त्यस्तो घरमा जडान भएको बिजुली र धाराको पूरै महशूल र सो घरमा निजको प्रयोगको लागि एउटा टेलिफोन जडान गर्न लाग्ने धरौटी र अन्य खर्च श्री ५ को सरकारले ब्यहोर्नेछ तथा टेलिफोनको मासिक न्यूनतम महशूल रकमको दोब्बर रकम टेलिफोन सुविधा बापत दिइनेछ ।

(३) सरकारी घर बन्दोबस्त हुन नसकेकोमा श्री ५ को सरकारको स्वामित्वमा रहने गरी त्यस्तो पदाधिकारी वा सदस्यको प्रयोगको लागि निजको आवासमा एउटा टेलिफोन जडान गर्न लाग्ने धरौटी र अन्य खर्चको साथै बिजुली, धारा र टेलिफोन बापत मासिक चारसय रूपैयाँ एकमुष्ट उपलब्ध गराइनेछ ।

(४) उपनियम (३) बमोजिमको सुविधा काठमाडौंमा आफ्नो घरमा बसोबास गर्ने पदाधिकारी वा सदस्यले पनि पाउनेछ ।

(५) यस नियम बमोजिम उपलब्ध गराइएको टेलिफोन निजी स्वामित्वमा परिणत गराउन पाइने छैन ।

११. दैनिक तथा भ्रमण भत्ता : (१) संसदको कार्यको सिलसिलामा नेपाल अधिराज्य भित्र भ्रमण गर्दा पदाधिकारी वा सदस्यलाई देहाय बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(क) दैनिक भत्ता : आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम ।

(ख) भ्रमण भत्ता : (१) पैदल भ्रमण गर्दा अनुसूची १ मा उल्लेख गरिएको रकम ।

(२) मोटरबाट भ्रमण गर्दा बील बमोजिमको इन्धन खर्च ।

तर सभामुख र अध्यक्ष बाहेक अन्य पदाधिकारी वा सदस्यले मोटरबाट भ्रमण गर्नु अघि त्यस्तो भ्रमण गर्ने लिखित स्वीकृति सभामुख वा अध्यक्षबाट लिनु पर्ने छ ।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बातानुकूलित व्यवस्था भएको ठाउँमा बातानुकूलितको र सो नभएकोमा प्रथम श्रेणीको टिकट खर्च र वर्थ रिजर्भ गरेमा सो बापत लागेको खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एक जनालाई लागेको टिकट खर्च ।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लागेको खर्च ।

आधिकारिकता सम्बन्धी विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) फुटकर खर्च : (१) तीनलाख रूपैयाँको यात्रा बीमा गर्न लाग्ने रकम र हवाई उडान कर बापत लाग्ने रकमको अतिरिक्त अन्य फुटकर खर्च बापत प्रत्येक एकतर्फी भ्रमणको लागि एकमुष्ट थप एक सय रूपैयाँ पदाधिकारी वा सदस्यलाई दिइनेछ ।

(२) पदाधिकारी वा सदस्यलाई संसदको काममा वा नेपालको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल अधिराज्य बाहिर भ्रमण गर्दा देहाय बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछः—

(क) दैनिक भत्ता : अनूसूची २ मा उल्लेख गरिए बमोजिमको विदेशी मुद्रा ।

तर नेपाल अधिराज्य बाहिर विदेशी राष्ट्रको अतिथिको रूपमा औपचारिक भ्रमणमा जाँदा पदाधिकारी वा सदस्यलाई त्यस्तो राष्ट्रमा रहुन्जेल सम्मको दिनहरूको लागि यस खण्ड बमोजिम पाउने दैनिक भत्ताको आधाको दरले मात्र भत्ता दिइनेछ ।

(ख) भ्रमण भत्ताः (१) मोटरबाट भ्रमण गर्दा बील वा टिकट बमोजिमको मोटर भाडाको रकम ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बातानुकूलित व्यवस्था भएको ठाउँमा बातानुकूलितको र सो नभएकोमा प्रथम श्रेणीको टिकट खर्च र वर्थ रिजर्भ गरेमा सो बापत लागेको खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा सभामुख वा अध्यक्षलाई एकजनालाई लाग्ने प्रथम श्रेणीको टिकट खर्च र अन्य पदाधिकारी वा सदस्यलाई एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जल मार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बील वा टिकट बमोजिमको खर्च ।

(ग) फुटकर खर्च : तीनलाख रूपैयाँको यात्रा बीमा गर्न लाग्ने रकम र हवाई उडान कर बापत लाग्ने रकमको अतिरिक्त अन्य फुटकर खर्च बापत प्रत्येक एकतर्फी भ्रमणको लागि एकमुष्ट थप एकसय रूपैयाँ पदाधिकारी वा सदस्यलाई दिइनेछ ।

१२. लुगा भत्ता : संसदको काममा वा नेपाल अधिराज्यको प्रतिनिधित्व गरी विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल अधिराज्य बाहिर जाँदा पदाधिकारी वा सदस्यलाई तीन वर्षमा एक पटक एक महिनाको पारिश्रमिक बराबरको रकम लुगा भत्ता बापत दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. नेता भत्ता : प्रतिनिधि मण्डलको नेताको रूपमा विदेश जाँदा पदाधिकारी वा सदस्यलाई निजले पाउने दैनिक भत्ताको पचास प्रतिशत थप रकम नेता भत्ता बापत दिइनेछ ।

१४. निजी सचिवालय र कर्मचारीको व्यवस्था: (१) आफ्नो कार्यकालभरको निमित्त पदाधिकारीले निजी सचिवालयको लागि अनुसूची ३ मा उल्लेख गरिए बमोजिमको कर्मचारी नियुक्त गर्न पाउनेछ ।

(२) पदाधिकारीलाई निजको कार्यकालभरको निमित्त आवश्यक फर्निचरको अतिरिक्त अनुसूची ३ मा उल्लेख गरिए बमोजिमको मालसामान उपलब्ध गराइनेछ । सो बमोजिम पदाधिकारीलाई उपलब्ध गराइएको फर्निचर र मालसामानहरू निजले आफ्नो कार्यकाल समाप्त भएपछि फिर्ता बुझाउनु पर्नेछ ।

(३) निजी सचिवालयको लागि मसलन्द तथा अतिथि सत्कारको निमित्त पदाधिकारीलाई प्रतिमहिना अनुसूची ३ मा उल्लेख गरिए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

१५. सुरक्षाको व्यवस्था : पदाधिकारीको सुरक्षाको निमित्त अनुसूची ३ मा उल्लेख गरिए बमोजिमको सुरक्षा कर्मचारीको व्यवस्था श्री ५ को सरकारले गर्नेछ ।

१६. उपचारको सुविधा : (१) उपचारको निमित्त पदाधिकारी र सदस्यलाई चिकित्सकको निःशुल्क सेवा संसद सचिवालयमा उपलब्ध गराइनेछ ।

(२) अस्पतालमा भर्ना भई औषधी उपचार गर्नु पर्ने भनी संसद सचिवालयको चिकित्सकले सिफारिश गरेको पदाधिकारी र सदस्यले अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको सम्पूर्ण खर्च संसद सचिवालयले व्यहोर्नेछ ।

१७. स्थायी वासस्थान र निर्वाचन क्षेत्र फरक भएमा कुनै एकको सुविधा पाउने : कुनै पदाधिकारी वा सदस्यको स्थायी वासस्थान भएको क्षेत्र र निज सदस्य निर्वाचित भएको क्षेत्र भिन्ना भिन्नै भएमा नियम ४ को उपनियम (४) बमोजिम निजले पाउने भ्रमण भत्ता तीमध्ये कुनै एक स्थानबाट आउँदा जाँदा मात्र लिन पाउनेछ ।

१८. बील भरपाई इत्यादि पेश गर्नु पर्ने : (१) भ्रमण भत्ताको भुक्तानिको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाईजहाज, रेल, बसको टिकट बापत भएको खर्चको बील भरपाई र पैदल भ्रमण गरेकोमा आफूले भ्रमण गरेको कोष प्रमाणित गराएको निस्सा भ्रमण बीलको साथ पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपनियम (१) बमोजिम एकपटक प्रमाणित बील भौचर संलग्न भएको दैनिक तथा भ्रमण भत्ताको बील बराबरको रकम दोस्त्रो पटकदेखि सदन वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि दैनिक तथा भ्रमण भत्ता बापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई संसद सचिवालयले उपलब्ध गराउनेछ ।

१९. दोहोरो पर्ने गरी भ्रमण भत्ता नपाउने : समितिको बैठक चलिरहेको समयमा सदनको बैठक प्रारम्भ हुने कुराको वा सदनको बैठक चलिरहेको समयमा समिति-को बैठक प्रारम्भ हुने कुराको सूचना प्रकाशित भएकोमा सो बमोजिम समिति वा सदनको बैठक प्रारम्भ हुने र चलिरहेको बैठक अन्त्य भएको मिति बीचको अवधि सातदिन भन्दा बढी फरक नभएमा चालू बैठकमा भाग लिइरहेको पदाधिकारी वा सदस्यले पछिबाट प्रारम्भ भएको समिति वा सदनको बैठकको अन्त्य भएपछि मात्र यस नियमावली बमोजिम भ्रमण भत्ताको सुविधा पाउने छ ।

२०. अन्धो वा असक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा : (१) कुनै पदा-धिकारी वा सदस्य अन्धो वा शारीरिक रूपले असक्त भई हिंडडुल गर्न निजलाई परिचारकको सेवाको आवश्यकता छ भन्ने कुरा सभामुख वा अध्यक्ष-लाई लागेमा त्यस्तो पदाधिकारी वा सदस्यको साथ रहने एकजना परिचारकलाई उपनियम (२) बमोजिमको सुविधा प्रदान गरिनेछ ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपनियम (१) बमोजिम रहेको परिचारकलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः–

(क) दैनिक भत्ताः– पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

(ख) भ्रमण भत्ता :– पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको समान सुविधा ।

(ग) लुगा भत्ताः– पदाधिकारी वा सदस्यले पाउने रकमको आधा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(नियम ३,४,८,९ र ११ सँग सम्बन्धित)
पदाधिकारी तथा सदस्यले पाउने सुविधा

क्र. सं.	सुविधाको विवरण	इकाई दर	सभामुख	अध्यक्ष	उप सभामुख	उपाध्यक्ष	सदस्य
१.	पारिश्रमिक	प्रति महिना रू.	छ हजार	छ हजार	पाँच हजार तीनसय पन्ध्र	पाँच हजार तीनसय पन्ध्र	चार हजार
२.	बैठक भत्ता	दैनिक	एकसय	एकसय	एकसय	एकसय	एकसय
३.	आवास सुविधा	प्रति महिना रू.	सरकारी बन्दोवस्त हुने	सरकारी बन्दोवस्त हुने	सरकारी बन्दोवस्त हुने	सरकारी बन्दोवस्त हुने	दुई हजार पाँचसय
४.	काठमाडौं उपत्यकामा स्थायी वासस्थान भएका पदाधिकारी वा सदस्यलाई घर मरम्मत सम्भारको लागि	ऐ.	ऐ.	ऐ.	ऐ.	ऐ.	एक हजार पाँचसय
५.	पेट्रोल	प्रति महिना लिटर	तीनसय पचास	तीनसय पचास	दुईसय पचास	दुईसय पचास	–
६.	मोबिल	त्रैमासिक लिटर	दश	दश	पाँच	पाँच	–
७.	पैदल भ्रमण गर्दा	प्रति कोष रू.	तीस	तीस	बीस	बीस	बीस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(नियम ११ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता

क्र.सं.	पदाधिकारी वा सदस्य	जापान, दक्षिण कोरीया, फिलिपिन्स बाहेक अन्य सबै एशियाई मुलुकहरूमा यू.एस. डलर (तर भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रामा)	जापान, दक्षिण कोरीया, फिलिपिन्स लगायत बाँकी सबै मुलुकहरूमा यू.एस. डलर
१.	सभामुख	एकसय	एकसय पच्चीस
२.	अध्यक्ष	एकसय	एकसय पच्चीस
३.	उपसभामुख	एकसय	एकसय पच्चीस
४.	उपाध्यक्ष	एकसय	एकसय पच्चीस
५.	सदस्य	एकसय	एकसय पच्चीस

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३
(नियम १४ र १५ सँग सम्बन्धित)
अन्य सुविधा

क्रम संख्या	सुविधाको विवरण	इकाई दर	सभामुख	अध्यक्ष	उपसभामुख	उपाध्यक्ष
१.	स्वकीय सचिव (रा.प.द्वि.) (उपसचिव स्तर)	जना	एक	एक	एक	एक
२.	टाइपिष्ट	जना	एक	एक	एक	एक
३.	ड्राइभर	जना	दुई	दुई	दुई	दुई
४.	पियन	जना	दुई	दुई	एक	एक
५.	देवनागरी टाइपराइटर	गोटा	एक	एक	एक	एक
६.	अंग्रेजी टाइपराइटर	गोटा	एक	एक	एक	एक
७.	साईकल	गोटा	दुई	दुई	एक	एक
८.	मसलन्द तथा अतिथि सत्कारको लागि	प्रति महिना रू.	दुई हजार	दुई हजार	एक हजार तीनसय	एक हजार तीनसय
९.	अङ्गरक्षक पदिक	जना	एक	एक	–	–
१०.	अङ्गरक्षक प्रहरी (सहायक निरीक्षक)	जना	–	–	एक	एक

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११.	विल्लादार गार्ड	जना	एक	एक	–	–
१२.	हेड प्रहरी कन्सटेवल (गार्ड)	जना	–	–	एक	एक
१३.	सैनिक जवान (गार्ड)	जना	दश	दश	–	–
१४.	प्रहरी कन्सटेवल (गार्ड)	जना	–	–	चार	चार

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।